आज मिति २०८१ साल जेठ १७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| | | | |
| | | | |

मिति २०८१/२/१७ को बलेफी गाउँकार्यपालिकाको बैठक

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन सम्बन्धमा ।
३. ब्रमायणी खोला जलबिरे बजार फेदी नदि नियन्त्रण योजनाको भेरियशन सम्बन्धमा ।
४. वडा कार्यालयहरुमा सूचना अधिकारी तोक्ने सम्बन्धमा ।
५. आमा बाबु विहीन बालबालिका संरक्षण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
६. गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) छनौट सम्बन्धमा ।
७. बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री सि.एम. कन्सट्रक्सन प्रा.लि. जोरपाटी काठमाण्डौं बीच भएको सम्झौता सम्बन्धमा ।
८. राजस्व परामर्श समितिको सिफारिस अनुमोदन सम्बन्धमा ।
९. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस अनुमोदन सम्बन्धमा ।
१०. खमारे बस्ती पुन: स्थापनाका लागि लागत सहभागिता सम्बन्धमा ।
११. गाउँ बालअधिकार समिति गठन सम्बन्धमा ।
१२. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो।
२. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो कार्ययोजना (आ.व. २०७९/०८०-२०८१/०८२) को १२.५ मा व्यवस्था भए बमोजिम देहायका सदस्यहरु रहने गरि कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | संयोजक | गा.पा. अध्यक्ष |
| २ | श्री सल बहादुर पाण्डे | सदस्य | सामाजिक विकास शाखा प्रमुख |
| ३ | श्री रिनु नेपाली | सदस्य | महिला तथा बालबालिका शाखा |
| ४ | श्री रितेश तामाङ्ग | सदस्य | द्वन्द प्रभावित |
| ५ | श्री रामकृष्ण पराजुली | सदस्य | नागरिक समाज प्रतिनिधि |
| ६ | श्री | सदस्य | गैसस महासंघ प्रतिनिधि |

| | | | |
|---|---|---|---|
| ७ | श्री रेवन्त दहाल | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |

३. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री लामिछाने एण्ड हमाल कन्सट्रक्सन बीच मिति २०८०/१०/१६ मा रु. २९,४७,८०७।२८ (भ्याट र पि.एस. रकम सहित) मा सम्झौता भएको ब्रमायणी खोला जलबिरे बजार फेदी नदि नियन्त्रण योजनाको (ठेक्का नं. BRM/NCB-07/2080-081) कार्य गर्ने क्रममा सर्भे तथा लागत अनुमान गर्दाको समयमा भन्दा कार्यान्वयन गर्दा निर्माण कार्यलाई मजबुद र टिकाउ बनाउन लम्बाई थप गर्नु पर्ने देखिएकोले आईटम नं. ३,४,५,६ र ७ को परिमाण थप गरि उक्त ठेक्काका लागि स्वीकृत लागत अनुमान अंक र स्वीकृत BOQ Amount सँग तुलना गर्दा शुरुको सम्झौता रकम भन्दा २२.७४ प्रतिशत थपको भेरियशन आदेश नं. १ जारी गर्नुपर्ने देखिएको भनी प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन आदेश नं. १ स्वीकृत गर्ने निर्णय गरियो ।

४. यस बलेफी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत वडा सचिवलाई सम्बन्धित वडा कार्यालयको सूचना अधिकारीको जिम्मेवारी तोक्ने निर्णय गरियो ।

५. चालु आ.व. २०८०/०८१ मा बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बाबु दुवै गुमाएका बालबालिकाहरुको शिक्षा,स्वास्थ्य र पोषणको सुनिश्चितताका लागि स्थानीय तहमा विनियोजित शसर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन २०८० बमोजिम यस बलेफी गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेका देहायका ९ जना बालबालिकाहरुलाई दामाशाही रुपमा रु.८,०००/-का दरले रकम वितरण गर्ने निर्णय गरियो ।

देहायः

| क्र.सं. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | विवि लक्ष्मी तामाङ | बलेफी-३ | |
| २ | प्रदीप वि.क. | बलेफी-२ | |
| ३ | अनिशा तामाङ्ग | बलेफी-३ | |
| ४ | रुवी तामाङ | बलेफी-८ | |
| ५ | स्मृति भुजेल | बलेफी-५ | |
| ६ | शुस्मिता फुयाँल | बलेफी-४ | |
| ७ | सुमित फुयाँल | बलेफी-४ | |
| ८ | हृदयस नेपाल | बलेफी-६ | |

| | | | |
|---|---|---|---|
| ९ | रोशन गुरुङ्ग | बलेफी-३ | |

६. यस बलेफी गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माणका लागि गाउँकार्यपालिकाको कार्यालयबाट मिति २०८०/१२/१४ मा प्रकाशित सूचना बमोजिम यस कार्यालयमा पेश भएका चिन्हहरुको मूल्याङ्कन गर्दा श्री Express Design &Print (सुजन मोक्तान ) ले निर्माण गरी पेश गरेको चिन्ह छनौट गर्ने र उक्त प्रतिक चिन्ह (लोगो) स्वीकृत गर्ने निर्णय गरियो ।

७. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री सि.एम. कन्सट्रक्सन प्रा.लि. जोरपाटी काठमाण्डौं बीच मिति २०७८/०२/११ मा भएको Construction of Administrative building with Quatar and Canteen block ( ठेक्का नं. BRM/NCB-B-09/2077-078) सम्झौताको GCC sub clause 30.1 बमोजिम ठेकेदार कम्पनीले Nepal Council of Arbitration (NEPCA) मा निवेदन दिएको हुँदा उक्त विषयमा कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गर्ने अख्तियारी बलेफी गाउँकार्यपालिकाको कार्यालयलाई दिने निर्णय गरियो ।

८. बलेफी गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिले मिति २०८१/२/७ को निर्णय बमोजिम गरेको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

९. बलेफी गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको मिति २०८१/०२/ १७ विहान ८:०० को बैठकको निर्णयबाट गरिएको सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

१०. बलेफी गाउँपालिका वडा नं. १ अन्तरगतको खमारे बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नका लागि गरिएको दोश्रो पटकको भौगर्विक अध्ययन प्रतिवेदनले सुरक्षित स्थान ठहराएको स्थानमा जग्गा खरिद सहित बस्ती पुनस्थापना गर्नका लागि स्थानीय तहको १० प्रतिशत लागत सहभागिता बापतको रकम जम्मा गरी उक्त बस्तीलाई स्थानान्तरण गर्ने निर्णय गरियो । साथै उक्त स्थानको जग्गालाई आवासीय क्षेत्रको रुपमा वर्गिकरण गरी जग्गाको कित्ताकाट गरी सम्बन्धित लाभग्राहीहरुको नाममा जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराउन जिल्ला नापी कार्यालय सिन्धुपाल्चोक र मालपोत कार्यालय सिन्धुपाल्चोकलाई अनुरोध गर्ने निर्णय गरियो ।

११. बलेफी गाउँपालिका बाल अधिकार संरक्षण तथा सम्बर्धन नीति २०७६ को बुँदा नं ९.१.१ अनसार देहाय बमोजिम गाउँ बाल अधिकार समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री सरु लामा तमाङ | संयोजक | उपाध्यक्ष |
| २ | श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | शिक्षक महासंघ प्रतिनिधि |
| ३ | श्री देवती पौडेल | सदस्य | म स्व स्व से |

| | | | |
|---|---|---|---|
| ४ | श्री राजेन्द्र भण्डारी | सदस्य | गैसस प्रतिनिधि |
| ५ | श्री कृष्ण प्रसाद पराजुली | सदस्य | गैसस प्रतिनिधि |
| ६ | श्री रमेश कुमार श्रेष्ठ | सदस्य | गाउँ शिक्षा समिति प्रतिनिधि |
| ७ | श्री किरण गिरी | सदस्य | गाउँपालिका बाल सञ्जाल प्रतिनिधि |
| ८ | श्री पार्वती श्रेष्ठ | सदस्य | सामाजिक कार्यमा क्रियाशिल ब्यक्ति |
| ९ | निर्मला लामा | सदस्य | सामाजिक कार्यमा क्रियाशिल ब्यक्ति |
| १० | श्री कविता सार्की | सदस्य | सामाजिक कार्यमा क्रियाशिल ब्यक्ति |
| ११ | श्री हरिशरण बस्नेत | सदस्य | गाउँपालिकामा रहेको सुरक्षा निकायको प्रमुख |
| १२ | श्री विदुर आचार्य | सदस्य | पत्रकार महासंघ प्रतिनिधि |
| १३ | श्री रिनु सुन्दास | सदस्य सचिव | गाउँपालिकामा महिला तथा बालबालिका शाखा हेर्ने कर्मचारी |

१२.विविध

क. चालु आ.व. २०८०/०८१ मा विनियोजित सम्झौता हुन बाँकी योजनाहरुको सम्झौता सक्ने र चालु आ.व. मा सम्झौता नभएका योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व. मा निरन्तरता दिने निर्णय गरियो ।

ख. मिति २०८१।०२।१० गते बलेफी गाउँपालिका वडा नं ३ मा बुद्ध जयन्ती मनाउँदा भएको खर्च बापतको रकम रु. १५०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ग. यस बलेफी गाउँपालिकाभित्रका सार्वजनिक जग्गा पहिचान तथा संरक्षणका लागि गाउँपालिकाको ट्रेस नक्शा आवश्यक परेको हुँदा उक्त नक्शाको लागी तिर्न पर्ने राजश्व रकम छुटका लागि नापी कार्यालय सिन्धुपाल्चोकलाई अनुरोध गरी रकम छुटका लागि सिफारिस गर्ने निर्णय गरियो ।

घ. तेक्वान्दो जिल्ला कार्य समिति सिन्धुपाल्चोकको आयोजनामा मिति २०८० मंसिर १९ र २० गते सम्पन्न भएको तेश्रो सिन्धु राष्ट्रिय तेक्वान्दो प्रतियोगिता २०८१ आयोजकलाई रु १,००,०००/- खेलकुद प्रबर्धन शीर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

ङ. मनसुनजन्य विपदबाट क्षती भई हाल पुनर्निर्माण भईरहेको देहाय अनुसारको लाभग्राहीहरुको तेश्रो किस्ता बापतको रकम निकासाको लागि स्थानीय तहको लागत

सहभागिता बापतको रकम देहायका लाभग्राहीहरुका लागि प्रकोप व्यवस्थापन कोषबाट जम्मा गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. बद्री कुमार श्रेष्ठ | बलेफी ८ | रु. २००००/- |
| ख. मनिषा श्रेष्ठ | बलेफी ८ | रु. २००००/- |

निर्णय नं. ६ संग सम्बन्धित

बलेफी गाउँपालिका